स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



ग्लोबल हिट "दुश्मन हेरेको हेर्‍यै" पछि गायक दुर्गेश थापा र अभिनेत्री प्रियंका कार्कीले पुनः सांगीतिक सहकार्य गरेका छन्। प्रियंकाले निर्माण गरेको फिल्म "मास्टर्नी"को एक गीतको कम्पोज दुर्गेशले गरेका छन्। आयोजित समारोहमा उक्त फिल्मको "प्रवर्धन गीत" सार्वजनिक गरियो। दुर्गेशकै शब्द, संगीत र स्वरमा तयार भएको सो गीत फिल्ममा भने समावेश हुनेछैन। गायनमा बबिना किराँतीले साथ दिएकी छन्।

**आजको विचार...**



समृद्धिको... *(दुई पेजमा)*

भुपेन्द्र थापा 'माधव'



प्रियंका कार्कीको शीर्ष भूमिका रहेको फिल्म "मास्टर्नी"को प्रदर्शन मिति तय भएको छ। निर्माताले शुक्रबार पोस्टर सार्वजनिक गर्दै ५ भदौदेखि रिलिज हुने जनाएका हुन्। कार्कीको होमप्रोडक्सन आयंका फिल्म्सले यो फिल्म निर्माण गरेको हो। सार्वजनिक पोस्टरमा प्रियंकालाई फिचर्ड गरिएको छ। दयुबमा डुबेको भावमा उनलाई प्रस्तुत गरिएको छ। पोस्टर अर्थपूर्ण देखिन्छ। "प्रायः शान्त मस्तिष्कले खतरनाक योजना बनाइरहेका हुन्छन्" लेखिएको बटमलाइन पोस्टरमा छ। पोस्टरले कथावस्तु र चरित्र चित्रणबारे संक्षिप्त संकेत गर्छ।

❒ वर्ष ३१ ❒ अंक ३४८ ❒ २०८३ असार ३२ गते बिहीबार 16 July 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रूसी आक्रमणमा छ जनाको मृत्यु

(रासस/एएफपी) —

**युक्रेन,** असार ३१/युक्रेनमा बुधबार भएको रूसी आक्रमणका कारण छ जनाको मृत्यु हुनुका साथै कम्तिमा २० जना घाइते भएको अधिकारीहरूले बताएका छन् । अधिकारीहरुका अनुसार आक्रमणहरूले कालो सागरको बन्दरगाह शहर ओडेसा र रूसको सीमा नजिकैको उत्तरपूर्वी शहर सुमीका औद्योगिक तथा चिकित्सा सुविधाहरूलाई लक्षित गरेको थियो । रूसी पक्षबाट छ वटा निर्देशित हवाई बम प्रहार गरिएको बताउदै सुमीका क्षेत्रीय गभर्नर ओलेग ग्रिगोरोभले यस क्षेत्रमा तीन जनाको मृत्यु भएको हुनका साथै १७ जना घाइते भएको पुष्टि गर का छन् । मृतक मध्ये एक महिला र एक जना पुरुष रहेको बताउदै उनले "अर्को एक जना लाई अत्यन्त गम्भीर चोट लागेको बताएका छन् । ओडिसाले आफ्नो बन्दरगाह र नागरिक पूर्वाधारलाई लक्षित गरी रूसी ड्रोन र मिसाइल आक्रमण गरेकोको अधिकारीहरूले बताएका छन् । ओडेसा क्षेत्रमा व्यापक संयुक्त क्षेप्यास्त्र र ड्रोन आक्रमण लगातार पाँचौं दिन सम्म जारी रहेको गभर्नर ओलेग किपरले बताएका छन् । उनका अनुसार तीन जनाको मृत्यु भएको छ भने कम्तीमा तिन जना घाइते भएका छन् ।

# कँग्रेस–एमाले गठबन्धन संकटमा

# सातै प्रदेश सरकारमा हलचल

**हाम्रा संवाददाता** —

**पाल्पा,** असार ३१/ प्रदेश सरकारमा सत्ता साझेदारी गरिरहेका नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहकार्य संकटमा परेको छ । दुई वर्षअघि दुई दलबिच भएको ७ बुँदे सहमतिको पालना हुन नसक्दा प्रदेशको गठबन्धन संकटमा परेको हो ।

बजेट विवाद, राजनीतिक असमझदारी र सत्ता सञ्चालनको शैलीलाई लिएर दुई दलबीचको सम्बन्ध चिसिँदै जाँदा सातै प्रदेशको सत्ता समीकरणमा हलचल आएको छ । गठबन्धन संकटको पहिलो प्रभाव कर्णाली र सुदुरपश्चिम प्रदेशमा देखिएको छ । कर्णालीमा एमाले नेतृत्वको सरकारमा सहभागी कांग्रेसका चारै मन्त्रीले बुधबार सामूहिक रूपमा राजीनामा दिएका छन् भने सुदुरपश्चिममा एमालेबाट मन्त्री भएकाले नै बजेट संशोधनको प्रस्ताव प्रदेशसभामा राखेपछि मुख्यमन्त्रीले उनीहरुलाई बर्खास्त गरेका छन् ।



जबकि पूर्व सहमति अनुसार आलोपालोअनुसार सबै प्रदेशमा सरकार फेरबदल हुनुपर्ने थियो । २०८१ असार १७ गतेको कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबिच सै र प्रदेशमा आलोपालो सरकार सञ्चालन गर्ने सहमति भएको थियो । सोहीअनुसार सै र प्रदेशमा गठबन्धन सरकार बनेकामा यसअघि नै जेनजी आन्दोलनको बलमा ओली नेतृत्वको सैीय सरकार पत्तासाफ भइसकेको छ । प्रदेशमा भने हालसम्म गठबन्धन सरकार कायमै रहेको सन्दर्भमा बुधबारको अप्रत्याशित घटनाक्रमसँगै गठबन्धन संकटमा परेको हो । कांग्रेसका एक पदाधिकारीले एमालेले नेतृत्व गरेको सरकारमा बजेट पास गर्न सहयोग गरेको तर कांग्रेसले नेतृत्व गरेको विशेष गरी सुदूरपश्चिम सरकारलाई बजेट पास गर्न एमालेले असहयोग गरेको आरोप लगाए । यस्तो परिस्थिति निर्माण भएसँगै सहकार्य गरिरहन सम्भव नभएको उनको भनाइ थियो । गठबन्धनको मुख्य घटक नेपाली कांग्रेसले एमालेबाट पूर्वसहमति पालना हुन नसकेको निष्कर्ष निकाल्दै गठबन्धन तोड्न सबै प्रदेश कमिटीहरूलाई अनौपचारिक निर्देशन नै दिइसकेको छ । स्रोतका अनुसार कांग्रेस नेतृत्वले एमालेसँगको सहकार्यलाई निरन्तरता दिन नसकिने निष्कर्ष निकालेको हो । त्यसका दुई मुख्य कारणमा गत वर्षको जेन-जी आन्दोलनलाई हेर्ने दृष्टिकोणमा कुरा नमिल्नु र प्रदेश सरकारहरूमा एमालेको व्यवहारप्रति कांग्रेस असन्तुष्ट हुनु रहेको मुख्य कारण रहेको एक नेताले बताए । कांग्रेसले अब सबै प्रदेश सरकारबाट आफ्ना मन्त्रीलाई फिर्ता बोलाउने तयारी गरेको स्रोतले जनाएको छ । त्यसपछि नेकपाका अध्यक्ष पुष्पकमल दाहालसँग हुने समझदारीका आधारमा प्रदेश सरकारको नयाँ रणनीति तय गरिनेछ । स्रोतका अनुसार दुवै दलबीच समझदारी बने कांग्रेस माओवादीसँग मिलेर प्रदेश सरकारमा सहभागी हुनेछ । सहमति नजुटे केन्द्रमा जस्तै प्रदेशमा पनि विपक्षमा बस्ने रणनीति कांग्रेसले बनाएको छ । विगतको सहमति अनुसार बागमती, गण्डकी र सुदूरपश्चिममा सरकारको नेतृत्व कांग्रेसको छ । कोशी, लुम्बिनी, कर्णालीमा एमालेको नेतृत्व छ । उक्त सहमति अनुसार मधेस सरकारको नेतृत्व जनमत पार्टीले पाएको भए पनि त्यहाँ विकसित राजनीतिक घटनाक्रमबाट कांग्रेसले नै सरकारको नेतृत्व गर्ने अवसर पाएको छ ।

## बहुविवाह मुद्दाका फरार प्रतिवादी पक्राउ



स्याङ्जा, असार ३१/ जिल्ला प्रहरी कार्यालय स्याङ्जाले बहुविवाह मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ । स्याङ्जा जिल्ला अदालतबाट बहुविवाह मुद्दामा एक वर्ष कैद सजाय फैसला भई फरार रहेका हरिनास गाउँपालिका-४ का ४१ वर्षीय किम बहादुर थापालाई बुधबार प्रहरीले पक्राउ गरेको हो । जिल्ला अदालत स्याङ्जाको २०७१ चैत २९ गतेको फैसलाले उक्त मुद्दामा १ वर्ष कैद सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले पुतलीबजार नगरपालिका-१० राङखोलाबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत स्याङ्जामा पेश गरिएको छ ।

## सन्धिखर्कको इतिहास अब स्मृति स्तम्भमा

**प्रेमनारायण आचार्य/रासस** —

अर्घाखाँची,असार ३०/ऐतिहासिक घटनालाई पुस्तौँसम्म जीवन्त राख्ने उद्देश्यले शान्ति बगैंचामा तत्कालीन अर्घा र खाँची राज्यका राजाको स्मृति स्तम्भ स्थापना गरिएको छ । युद्ध, वैमनस्य र संघर्षलाई अन्त्य गर्दै शान्ति, मेलमिलाप र सहकार्यको सन्देश दिने उद्देश्यले अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा उक्त स्मृति स्तम्भ निर्माण गरिएको हो ।



अर्घा र खाँची दुई राज्यबीच बेला-बेलामा युद्ध र द्वन्द्व हुने गरेको सन्दर्भ स्मृति स्तम्भमा स्पष्ट देखिन्छ । संघर्षपछि दुवै राज्यका राजाले एउटा खर्कमा भेट गरी औपचारिक रूपमा सन्धि गरेको जनविश्वास रहिआएको छ । ऐतिहासिक घटनाबाट उक्त स्थानको नाम 'सन्धि भएको खर्क' अर्थात् 'सन्धिखर्क' रहन गएको हो भन्ने विषय इतिहासका पुस्तकमा उल्लेख छ । सन्धिका कारण सन्धिखर्क नाम रहन गएको हो भने अर्घा र खाँची दुई राज्यको नाम जोडिएर आजको अर्घाखाँची जिल्लाको नामकरण भएको विश्वास स्थानीय समुदायमा प्रचलित छ । सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले इतिहासलाई संरक्षण गर्दै नयाँ पुस्तालाई आफ्नै भूमि र पहिचानसँग जोड्ने उद्देश्यले शान्ति बगैंचामा ऐतिहासिक स्मारक निर्माण गरेको बताए । सालिकमा तत्कालीन अर्घा राज्यका राजा अचिन्ताय शाह र खाँची राज्यका राजा विक्रम शाहले हात मिलाएर सन्धि गरेको दृश्यलाई मूर्तरूप दिइएको छ । युद्धभन्दा शान्ति महान् हुन्छ भन्ने सन्देश दिने यो कलात्मक संरचनाले इतिहासलाई केवल पुस्तकमा सीमित नराखी प्रत्यक्ष अनुभूति गराउने प्रयास गरेको छ । खाँची राज्यका एघारौं पुस्ताका राजा विक्रम शाहले विसं १७२१ देखि १७३४ सम्म शासन गरेका थिए । सोही अवधिमा अर्घाका राजा अचिन्ताय शाहसँग सन्धि भएको इतिहासका जानकार तीर्थराज आचार्यले बताए । अर्घाका राजाले आपसीहितका विषयमा छलफल गर्ने बहानामा खाँचीका राजालाई सन्धिखर्कमा बोलाएका थिए । त्यसक्रममा खाँची राज्यमाथि सेना परिचालन गर्ने योजना बनेको जानकारी पाएपछि खाँचीका राजा आफ्ना सैनिकसहित प्रतिरक्षामा उत्रिएका थिए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विपद्सँग खेलवाड नगरौं

नेपाल प्राकृतिक रूपमा सुन्दर देश भए पनि भूकम्प, बाढी, पहिरो, डढेलो, हिमपहिरो तथा चट्याङजस्ता विभिन्न विपद्को उच्च जोखिममा रहेको राष्ट्र हो । हरेक वर्ष वर्षायाम सुरु भएसँगै बाढी र पहिरोका कारण जनधनको ठूलो क्षति हुने गरेको छ ।

अहिले पनि निरन्तरको वर्षासँगै देशका अधिकांश भागमा बाढी र पहिरोको कहर सुरु भएको छ । त्यससँगै कतै बस्ती बगेका छन्, कतै सडक खसेका छन् भने कतै सडक अवरुद्ध भएका छन् । धनजन मात्र होइन, बाढी र पहिरोसँगै हाम्रा मनहरू पनि बगेका छन् । मनसुनसँगै विगत वर्षहरूको नियति भोग्न थालेका हामीले फेरि एकपटक विपद्को कठोर परीक्षाका लागि तयार हुनुपर्ने बाध्यता आएको छ । यो हरेक वर्षको नियति हो । बाढी–पहिरो हाम्रा लागि अपरिचित र आकस्मिक घटना होइनन् । पुस्तौंदेखि नेपाली समाज यस्ता विपत्तिसँग जुध्दै आएको छ, तापनि राज्य यस्ता विपत्ति न्यूनीकरण एवं दीर्घकालीन समाधान गर्ने नीति बनाउन किन तयार छैन ? प्रश्न त्यहाँ हो । अधिकांश विपद्का घटनालाई जलवायु परिवर्तनसँग जोडेर राज्य पन्छिन मिल्दैन । विपद् अपवाद होइन, नेपालका लागि यथार्थ हो । विपद्लाई राजनीतिक लाभ–हानि, प्रचारबाजी वा आरोप–प्रत्यारोपको विषय बनाउनु गैरजिम्मेवार कार्य हो । विपद्सँग खेलवाड गर्ने होइन, सबै पक्ष मिलेर सहकार्य गर्ने बेला हो । विपद्का समयमा सबैभन्दा महत्वपूर्ण कुरा समयमै उद्धार, राहत र पुनःस्थापना हो । सरकार, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, सञ्चारमाध्यम, नागरिक समाज र आम नागरिकबीच प्रभावकारी समन्वय भएमा क्षति न्यून गर्न सकिन्छ । तर कतिपय अवस्थामा जिम्मेवार निकायबीच समन्वयको अभाव, सूचना प्रवाहमा ढिलाइ र राजनीतिक खिचातानीका कारण उद्धार तथा राहत प्रभावित हुने गरेका उदाहरणहरू प्रशस्तै छन् । यस्तो प्रवृत्तिले विपद्पीडितको पीडा झन् बढाउने मात्र काम गर्छ । विपद्का बेला सामाजिक सञ्जालमार्फत गलत सूचना, अफवाह र भ्रामक सामग्री फैलाउने प्रवृत्ति पनि उत्तिकै चिन्ताजनक छ । यस्ता गतिविधिले उद्धार कार्यमा बाधा पुर्‍याउनुका साथै नागरिकमा अनावश्यक त्रास सिर्जना गर्छ । त्यसैले सबैले आधिकारिक स्रोतबाट प्राप्त सूचना मात्र साझा गर्ने र जिम्मेवार सञ्चार व्यवहार अपनाउने संस्कार विकास गर्न आवश्यक छ । विपद्ले कुनै जात, धर्म, वर्ग वा राजनीतिक आस्था छुट्याउँदैन। त्यसैले विपद्को सामना पनि साझा उत्तरदायित्वका साथ गर्नुपर्छ । तसर्थ विपद्सँग खेलवाड गर्ने प्रवृत्ति त्यागेर सहयोग, समन्वय र मानवीय संवेदनालाई केन्द्रमा राखेर अगाडि बढ्न जरुरी छ ।

### Opinion @ Social Network

समय नै सबैभन्दा ठूलो परीक्षा रहेछ,
मानिसहरु शब्दले होइन ! व्यवहारले चिनिने रहेछ ।
*(सुमन थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समृद्धिको सपना र संकटग्रस्त अर्थतन्त्र



भुपेन्द्र थापा 'माधव'

*अर्थतन्त्र कमजोर हुँदा राज्यका नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्दैनन्, नागरिकको जीवनस्तर उकास्न सकिँदैन र विकासका योजना कागजमै सीमित हुने जोखिम बढ्छ । त्यसैले आज नेपालको सबैभन्दा गम्भीर राष्ट्रिय बहस सत्ता परिवर्तन होइन, आर्थिक रूपान्तरण हुनुपर्छ । नेपालको अर्थतन्त्रको पहिलो र सबैभन्दा ठूलो चुनौती यसको संरचनागत असन्तुलन हो । हाम्रो आर्थिक गतिविधिको ठूलो हिस्सा उत्पादनमा होइन, उपभोगमा आधारित छ । स्वदेशी उद्योगको उत्पादन क्षमता खुम्चिँदै गएको छ भने आयातित वस्तुप्रतिको निर्भरता लगातार बढिरहेको छ । दैनिक उपभोगका सामानदेखि कृषि उत्पादन, औषधि, निर्माण सामग्री र औद्योगिक कच्चापदार्थसम्म विदेशबाट ल्याउनुपर्ने अवस्था आफैंमा अर्थतन्त्रको कमजोरीको संकेत हो ।*

समृद्ध नेपाल निर्माण गर्ने आकाङ्क्षा हरेक नेपालीको साझा सपना हो । यही सपनालाई आधार बनाएर विभिन्न राजनीतिक दलहरूले चुनावी घोषणापत्र सार्वजनिक गरे, सरकारले विकास र समृद्धिका महत्त्वाकांक्षी कार्यक्रमहरू अघि सारे, संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गर्‍यो र आर्थिक रूपान्तरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा प्रस्तुत गरियो तर यथार्थको धरातलमा उभिएर हेर्दा आज नेपाली अर्थतन्त्र अनेकौं संरचनागत समस्या, नीतिगत कमजोरी र बाह्य–आन्तरिक चुनौतीको घेराभित्र पुगेको देखिन्छ । बजारमा मन्दीको वातावरण छ, निजी क्षेत्र लगानी विस्तार गर्न हिच्किचाइरहेको छ, उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुनसकेका छैनन्, युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन् र राज्यको आर्थिक आधार उत्पादनभन्दा बढी विप्रेषण, आयात र उपभोगमा टिकेको छ । यस्तो अवस्थामा 'समृद्धि'को सपना र 'संकटग्रस्त अर्थतन्त्र'बीचको दूरी दिनप्रतिदिन बढ्दैगएको अनुभूति हुन्छ । अर्थतन्त्र कुनै राष्ट्रको मेरुदण्ड हो । राजनीति, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय र राष्ट्रिय सुरक्षाको आधार पनि अन्तत: बलियो अर्थतन्त्र नै हो । अर्थतन्त्र कमजोर हुँदा राज्यका नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्दैनन्, नागरिकको जीवनस्तर उकास्न सकिँदैन र विकासका योजना कागजमै सीमित हुने जोखिम बढ्छ । त्यसैले आज नेपालको सबैभन्दा गम्भीर राष्ट्रिय बहस सत्ता परिवर्तन होइन, आर्थिक रूपान्तरण हुनुपर्छ । नेपालको अर्थतन्त्रको पहिलो र सबैभन्दा ठूलो चुनौती यसको संरचनागत असन्तुलन हो । हाम्रो आर्थिक गतिविधिको ठूलो हिस्सा उत्पादनमा होइन, उपभोगमा आधारित छ । स्वदेशी उद्योगको उत्पादन क्षमता खुम्चिँदै गएको छ भने आयातित वस्तुप्रतिको निर्भरता लगातार बढिरहेको छ । दैनिक उपभोगका सामानदेखि कृषि उत्पादन, औषधि, निर्माण सामग्री र औद्योगिक कच्चापदार्थसम्म विदेशबाट ल्याउनुपर्ने अवस्था आफैंमा अर्थतन्त्रको कमजोरीको संकेत हो । उत्पादन कमजोर र आयात उच्च हुने संरचनाले व्यापार घाटा बढाउँछ, विदेशी मुद्रामाथि दबाब सिर्जना गर्छ र दीर्घकालीन आर्थिक स्थायित्वलाई चुनौती दिन्छ । नेपालको अर्थतन्त्रको अर्को प्रमुख आधार बनेको छ विप्रेषण । विदेशमा पसिना बगाइरहेका लाखौं नेपालीले पठाएको रकमले घरपरिवारको जीविकोपार्जन मात्र होइन, बैंकिङ प्रणाली, विदेशी मुद्रा सञ्चिति र उपभोग बजारलाई पनि धानेको छ । विप्रेषणले तत्काल राहत दिएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन तर कुनै पनि देशको अर्थतन्त्र आफ्नै नागरिकको श्रम विदेश निर्यात गरेर सधैंभरि सबल बन्न सक्दैन । युवाशक्ति देशभित्र उत्पादन, अनुसन्धान, उद्योग, कृषि र उद्यममा परिचालित नभएसम्म दिगो आर्थिक समृद्धि सम्भव हुँदैन । त्यसैले विप्रेषणलाई उपभोगमा मात्र सीमित नराखी उत्पादनमूलक लगानीतर्फ मोड्ने स्पष्ट नीति अब अपरिहार्य बनेको छ । कृषि क्षेत्रलाई नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिए पनि वास्तविकता त्यसको ठीकविपरीत देखिन्छ । खेतीयोग्य जमिन बाँझो हुँदै गएको छ, किसान उत्पादनको उचित मूल्यबाट वञ्चित छन्, आधुनिक कृषि प्रविधि, सिँचाइ, भण्डारण र बजार व्यवस्थापन अझै कमजोर छन् । विडम्बना, कृषिप्रधान देशले चामल, तरकारी, फलफूल, दाल, तेल र पशुजन्य उत्पादनसमेत ठूलो परिमाणमा आयात गरिरहेको छ । यो अवस्था आर्थिक दृष्टिले मात्र होइन, खाद्य सुरक्षा र राष्ट्रिय आत्मनिर्भरताका दृष्टिले पनि चिन्ताजनक छ । कृषिसँगै औद्योगिक क्षेत्रको अवस्था पनि उत्साहजनक छैन । पछिल्ला दशकहरूमा धेरै उद्योग बन्द भए, कतिपय न्यून क्षमतामा सीमित भए र नयाँ उद्योग स्थापनाको गति पनि अपेक्षाकृत सुस्त रह्यो । ऊर्जा उत्पादनमा उल्लेखनीय प्रगति भए पनि त्यसलाई औद्योगिकीकरणसँग प्रभावकारी रूपमा जोड्न सकिएको छैन । नीतिगत अस्थिरता, प्रशासनिक झन्झट, उच्च उत्पादनलागत, अनिश्चित कर नीति, कमजोर पूर्वाधार र लगानी सुरक्षाप्रतिको अविश्वासले उद्योगी-व्यवसायीलाई निरुत्साहित गरेको छ । उत्पादन घट्दा आयात बढ्छ, आयात बढ्दा व्यापार घाटा चुलिन्छ र अन्तत: अर्थतन्त्र बाह्य निर्भरताको दुष्चक्रमा फस्दैजान्छ । पछिल्ला वर्षहरूमा बजारमा देखिएको सुस्तता, निर्माण क्षेत्रमा आएको मन्दी, बैंकिङ प्रणालीमा बढ्दो निष्क्रिय कर्जा, व्यवसायको संकुचन र उपभोग क्षमतामा आएको गिरावटले अर्थतन्त्रको वास्तविक अवस्था उजागर गरिरहेका छन् । आर्थिक सूचकहरूमा देखिने सामान्य सुधारले मात्र जनजीवनको वास्तविकता लुकाउन सक्दैन । बजारमा कारोबार घटेको, साना तथा मझौला व्यवसाय बन्द हुने क्रम बढेको र रोजगारीका अवसर खुम्चिएको अवस्था सर्वसाधारणले प्रत्यक्ष अनुभव गरिरहेका छन् । सार्वजनिक वित्तव्यवस्थापन पनि गम्भीर चुनौतीको सामना गरिरहेको छ । विकास बजेट समयमै खर्च हुनसक्दैन तर चालु खर्च वर्षेनी बढ्दै गएको छ । सार्वजनिक ऋण विस्तार भइरहेको छ । ऋण आफैंमा समस्या होइन, समस्या तब उत्पन्न हुन्छ जब ऋणबाट उत्पादन, रोजगारी, पूर्वाधार र आर्थिक प्रतिफल सिर्जना हुँदैन । ऋणको उपयोग दीर्घकालीन उत्पादनशील क्षेत्रमा नभई अनुत्पादक खर्चमा केन्द्रित भयो भने त्यसको भार अन्तत: भावी पुस्ताले बोक्नुपर्ने हुन्छ । नेपाली अर्थतन्त्रको अर्को संवेदनशील पक्ष निजी क्षेत्र हो । कुनै पनि देशको आर्थिक विकासमा निजी क्षेत्र साझेदारमात्र होइन, प्रमुख चालक शक्ति हो तर लगानीकर्तामा विश्वासको वातावरण कमजोर बन्दै जाँदा नयाँ उद्योग, नयाँ रोजगारी र नयाँ उद्यमको गति सुस्त हुन्छ । नीतिगत स्थायित्व, कानुनी निश्चितता, पारदर्शी प्रशासन र लगानीमैत्री वातावरणबिना आर्थिक पुनरुत्थान सम्भव हुँदैन । सुशासनको प्रश्न पनि अर्थतन्त्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ । भ्रष्टाचार, कमिसन संस्कृति, ढिलासुस्ती, अनुत्तरदायित्व र राजनीतिक हस्तक्षेपले विकासको लागत बढाएको छ भने जनविश्वास घटाएको छ । आर्थिक समृद्धिको पहिलो शर्त नै सुशासन हो । जहाँ पारदर्शिता, जवाफदेहिता र कानुनी शासन बलियो हुन्छ, त्यहाँ लगानी, उत्पादन र आर्थिक गतिविधि स्वत: विस्तार हुन्छ । यसैबीच जलवायु परिवर्तनले नेपाली अर्थतन्त्रमा नयाँ चुनौती थपेको छ । अनियमित वर्षा, बाढी, पहिरो, खडेरी र हिमाली क्षेत्रमा देखिएका परिवर्तनले कृषि, पर्यटन, जलविद्युत् र पूर्वाधार विकासमा प्रत्यक्ष असर पुर्‍याइरहेका छन् । जलवायु जोखिमलाई बेवास्ता गरेर बनाइने आर्थिक योजना दिगो हुन सक्दैन । त्यसैले वातावरणीय संरक्षण र आर्थिक विकासलाई एकअर्काको पूरक बनाउने सोच आवश्यक छ । विश्व अर्थतन्त्रमा देखिने उतारचढाव, अन्तर्राष्ट्रिय व्यापारमा बढ्दो प्रतिस्पर्धा, ऊर्जा बजारको अस्थिरता, भूराजनीतिक तनाव र प्रविधिमा तीव्र परिवर्तनले नेपाल जस्तो विकासशील मुलुकलाई थप सतर्क रहन बाध्य बनाएको छ । यस्ता बाह्य चुनौतीको सामना गर्न आन्तरिक उत्पादन क्षमता, वित्तीय अनुशासन र संस्थागत दक्षता सुदृढ बनाउनैपर्छ । अब नेपालले समृद्धिको सपना साकार पार्न आर्थिक नीतिको केन्द्रबिन्दु उत्पादन, उत्पादकत्व र रोजगारीलाई बनाउनुपर्छ । कृषि आधुनिकीकरण, औद्योगिकीकरण, पर्यटनको गुणात्मक विस्तार, जलविद्युतको अधिकतम उपयोग, सूचनाप्रविधि र डिजिटल अर्थतन्त्रको विकास तथा नवप्रवर्तनमा आधारित उद्यमशीलतालाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्छ । यसका लागि दशवटा आधारभूत सुधार अपरिहार्य देखिन्छन् : उत्पादनमुखी आर्थिक नीति, कृषि र उद्योगको आधुनिकीकरण, रेमिटेन्सलाई उत्पादनमूलक लगानीमा रूपान्तरण, लगानीमैत्री वातावरण निर्माण, सार्वजनिक खर्चमा अनुशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, शिक्षा र सीपलाई श्रम बजारसँग जोड्ने नीति, पर्यटन र जलविद्युतको रणनीतिक विकास, जलवायु अनुकूल आर्थिक योजना तथा राजनीतिक स्थिरतासहित नीतिगत निरन्तरता । नेपालसँग जलस्रोत, उर्वर भूमि, प्राकृतिक सौन्दर्य, जैविक विविधता, युवाजनशक्ति र रणनीतिक भौगोलिक अवस्थिति जस्ता अमूल्य सम्पदा छन् । समस्या स्रोतको अभाव होइन, समस्या स्पष्ट दृष्टिकोण, प्रभावकारी कार्यान्वयन र जवाफदेही नेतृत्वको अभाव हो । यदि राज्य, निजी क्षेत्र र नागरिक समाजले साझा राष्ट्रिय प्रतिबद्धताका साथ उत्पादन, सुशासन र आत्मनिर्भरताको मार्ग रोज्नसके भने वर्तमान संकटलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ । आज नेपालको आवश्यकता राजनीतिक नाराभन्दा आर्थिक यथार्थको सामना गर्ने साहस हो । समृद्धि भाषणबाट होइन, उत्पादनबाट आउँछ, आत्मनिर्भरता घोषणाबाट होइन, श्रम, नवप्रवर्तन र सुशासनबाट निर्माण हुन्छ । त्यसैले अबको राष्ट्रिय बहस सत्ता समीकरणको होइन, आर्थिक पुनर्जागरणको हुनुपर्छ । जब राष्ट्रले उत्पादनलाई सम्मान, श्रमलाई प्रतिष्ठा, उद्यमलाई प्रोत्साहन र सुशासनलाई संस्कार बनाउँछ, तबमात्र समृद्ध नेपालको सपना यथार्थमा रूपान्तरण हुनेछ । अन्यथा, समृद्धिको सपना र संकट ग्रस्त अर्थतन्त्रबीचको दूरी अझ बढ्दै जानेछ । ***-इहिमालय डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। विद्यार्थीलाई परीक्षामा सफलता मिल्नेछ। | **तुला**: अवसर हात लाग्दा मन आनन्दित रहनेछ। राम्रो आय आर्जन गर्न सकिनेछ। |
| **वृष** : खानपिनमा ध्यान पुर्‍याउनुहोला। मेहनतले राम्रो सफलता मिल्नेछ। | **वृश्चिक** :पिताको साथ र सहयोग मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। |
| **मिथुन** : सबैको मन जित्न सफल हुनुहुनेछ। विश्वासले नयाँ ऊर्जा प्रदान गर्नेछ। | **धनु** : व्यापारमा विशेष लाभ रहनेछ। निर्णय लिने क्षमता राम्रो रहेको छ। |
| **कर्कट** : सन्तुष्टिको अनुभव दिलाउने बन्नेछ। रोकिएका कार्य प्रारम्भ हुनेछन्। | **मकर** : खर्चमा नियन्त्रण राख्नुहोस। सकेसम्म ठूलो कार्यहरूमा हात नहालौं। |
| **सिंह** : प्रेरणा दिने काम गर्न सक्नुहुनेछ। सम्मान र जिम्मेवारी दुवै बढ्न सक्छ। | **कुम्भ** : भावनामा आएर कुनै पनि कार्य नगर्नुहोस्। लामो दूरिको यात्रा नगर्नुहोला। |
| **कन्या** : सहकार्यको अवसर मिल्न सक्छ। आय आर्जनका स्रोतहरू बढ्नेछन्। | **मीन** : धनमा वृद्धि हुनेछ। अरुलाई सल्लाह दिनबाट जोगिनुहोस्। |




कथा ● पारिजात

# वर्षा ऋतु



बाँझो छोपिएको खेतमा कुनामा सयपत्री र हलीहकको झ्याङ उता केही दिनदेखि एउटा आकृतिलाई देख्दै आएकी छु । चोलीको भित्री मात्र मैलो फाटेको गुन्यूँ, ठूटो पारी छाडेको कपालमा रातो रिबन हेयर ब्यान्ड शैलीमा बाँधिएको एउटी स्वास्नीमान्छे हो त्यो आकृति । कहिले उसको हात र हँसिया छायामा छिटोछिटो सलबलाइरहेको हुन्छ र कहिले टोल्हाएकी हुन्छे र कहिले चिसै घाँसमाथि निदाइरहेकी हुन्छे । त्यसै स्पटमा एकदिनमा उसलाई रोइरहेकी देख्छु र छिमेककी सान्नानी सम्झाइरहेकी हुन्छे । भाषा बुझिँदैन, इसाराको भरमा अन्दाज लगाउँछु, 'के गर्ने आइमाईको जातलाई, भावीले लेखेको मेटिँदैन, यस्तै हो दु:खसुख कतिसम्म भोग्नु छ अझै ।' सोच्छु, सालाखाला नेपाली स्वास्नीमान्छेहरूको अस्तित्व यही हो । यो वर्षा ऋतु हो । यस ऋतुभित्र असारको पन्ध्र आफूसँग उन्माद र खुसियाली बोकेर आउँछ । रमझम हुन्छ त्यसै । चाहे भकारी रित्तै होस्, चाहे चामलको भाउ जति बढोस् । अपराह्न सिमसिम पानी, पातलो बादल छिचोलेर आएका घामका तरवार जस्ता किरणहरू, पश्चिमपट्टि लम्किएको जोर इन्द्रेणी एउटा अत्यन्त सुन्दर पार्श्वदृश्यको अघि त्यही सयपत्री र हलीहकको झयाङनेरै ऊ नाच्दै रहिछ । लाटी अथवा अर्ध सद्दे ठानेकी थिएँ । तर होइन रहिछ । उसको नाँच असाध्य छरितो छ । सान्नानीको गीतसँग गज्जब मेल खाइरहेको उसको मुद्रा । यत्तिकैमा छेवैको सुन्दर भवनको पश्चिम झ्याल खोलेर एउटी किशोरी यही दृश्य हेर्न देखा पर्छे र ऊसँगै झ्यालबाट एउटा चल्ती गजल पनि तरंगित भएर आउँछ, 'गम हो कि खुसी दोनो कुछ देर की साथी है ।' हो र ? के यति चञ्चल हुन्छ सुखदु:ख ? सोच्न नभ्याउँदै देख्छु एकाएक आकाशको क्यानभासमा भर्खरैको चित्रकारी मेटिइसकेछ । एक मुस्लो कालो बादल फराकिँदै रहेछ । जिज्ञासा कुत्कुतिएर आउँछ भित्रदेखि । सान्नानीलाई इसारा गरेर भन्छु, 'उनलाई पनि लिएर आऊ न, एकै छिन ।' नाउँ कान्छी र जात दनुवार रहेछ उसको । सायद दनुवार महिलासँग मेरो यो पहिलो परिचय हो । ऊ घरीघरी खिसिक्क खिसिक्क हाँस्छे र त्यो हाँसो मात्र हाँसो हो । हाँसोभन्दा बढी केही होइन । यो हाँसोमा सौन्दर्य तथा मनस्थिति केही पनि अभिव्यक्त हुँदैन । कालो रोगन, थेप्चो नाक, चिम्सो आँखा । अझ चिसो भन्न मिल्दैन झन्डैझन्डै तिनकुने भने हुन्छ । टाढाबाट हेर्दा तरुनी लागेको थियो । छेउमा आउँदा बूढी रहिछ । हेर्दै लाँदा अधबैंसे लाग्यो । पछि त्यो भ्रम पनि हट्यो अनि निष्कर्षमा पुग्छु, यस स्वास्नीमान्छेसँग उमेरको छाप रहेनछ, कस्तो अनौठो । अरूको हर्ष र विस्मात् कुनैलाई पनि एकैचोटि सोधिहाल्ने । भनौं, फरासिलो स्वभाव कहिल्यै रहेन आफ्नो त्यसैले यस अनाम घँसिनीलाई केही सोधिनँ । सोधौं पनि के ? अस्ति टोल्हाउने, हिजो रुने, आज हाँस्दै नाँच्ने मनस्थिति बोक्नेलाई उधारौं पनि कताबाट ? आँसु, हाँसो, चित्ता, सबै ढोका खुल्लै छ । पशु पनि कताबाट ? साँझ पर्छ । ऊ घाँसको भारी बोकेर हिँड्छे । गोरेटोतिरबाट असारे गीत ठोकिँदै मेरो कोठासम्म आइरहेको छ । एउटा जिज्ञासा छ, सुत्न मान्दैन मनभित्र सान्नानीलाई बोलाउन पठाउँछु र कुराकानी गर्न थाल्छु । आफ्नो कुरालाई सक्दो लामो परामा भन्ने सान्नानीको त्यस अज्ञात घँसिनीबारेको कथनबाट म एउटा सानो निचोड कथा भन्छु । कुनै खास कथा छैन । उसको औसत कथा हो । व्यथा सुनिसकेपपछि आफैसँग प्रश्न गर्छु के स्वास्नीमान्छेलाई रूपवती हुनु आवश्यक छ ? छ । के स्वास्नीमान्छेलाई रूपवती हुन आवश्यक छैन ? छैन । यी दुवै प्रश्नले मेरो मनभित्र एकछिन यस्तो भीषण भुत्लाभुत्ली खेल्यो, रन्थनिएँ केहीबेर । युद्धपछि एउटा परिणाम आउँछ नै । अनि म आफैंभित्र घोषणा गर्छु । स्वास्नीमान्छे भनेर सिँगारिएको डोकोको पनि जार छ यहाँ । अँ, औसत कथा छ उसको । बिहे भयो, छोराछोरी भएनन् । लोग्नेले सौता हाल्यो । सौताले छोराछोरी पाइदिई । पछि लोग्ने मर्यो । ऊ घरबाट निकालिई । आमाबाबु कोही छैनन् । यतै कतै बाहुनका गोठाल्नी बसेकी छे । काम थुप्रै गर्नुपर्छ । खानावासी पुरोवस यति नै हो यसको कथा । भोलिपल्ट ठीक त्यही ठाउँमा दुई छरिता हातहरू सलबलाइरहेका छन् । सिमसिमे पानी परिरहेको छ, उसलाई वास्ता छैन । यसो हेर्छु माया लाग्छ । सोच्छु, अर्को अलिक राम्रो ठाउँमा काम लगाइदिन पर्ला, यो भन्दा बढी उसलाई खुसी तुल्याउने अर्को साधन पनि त छैन । अलिकति सुकिलो ठाउँमा पुगून्, अलिकति शारीरिक सुख मिलून् । ऊ एक धुनमा छे यता हेर्दै हेर्दिनँ । आखिर म चिच्याएर उसलाई बोलाउँछु । लोसे चालले आएर मेरो छेवैमा बस्छे । पसिना र झारपातको गन्ध एकैसाथ मिसिएर आउँछ । उसका त्रिकोण आँखाहरूमा कुनै जिज्ञासा छैन । हिजो जस्तो खिस्सखिस्स हाँस्दिनँ पनि । एकदम भावशून्य छ अनुहार । म उसलाई केही पनि प्रश्न सोध्दिनँ । भूमिका पनि बनाउँदिनँ । एकैचोटि सोधिदिन्छु, 'बाहुन कहाँ तलब दिया छ ?' 'दिया छैन ।' 'यो भन्दा राम्रो-राम्रो ठाउँमा काम गर्न जाने हो ? खाई लाईकन पूरा सत्तरी तीन बीस र दश । खान पनि राम्रो छ । यस्तो दुखिया काम पनि गर्न पर्दैन ।' ऊ घोप्टो मुन्टो लाएर एकैछिन घोरिन्छे र भन्छे, 'माया लाग्छ ।' 'कसको ?' म अचम्मै मान्दै सोध्छु । 'अस्ति बाहुनको बैनीको बिहेमा एउटा गौनको फरिया हालिदिया थिएनयैं छ, लगाएकी छैन ।' बल्ल बुझ्छु प्राण कता अड्केको रहेछ । तै फेरि फकाउँछु । 'त्यसो भए भोलि खुसुक्क पोल्टोमा घुसारेर आऊ न त । त्यो फरिया होइन भने माया मारिदेऊ, त्यो एउटा जाबो फरिया । मैले पठाएको ठाउँमा जति पनि दिइहाल्छ नि । ल ऐले ट्याक्सीमा चढाएर पठाइदिन्छु ।' 'कहाँ ?' 'पाटन ।' 'पाटन भनेको कहाँ छ ? यही नेपालमा नै छ ?' मलाई हाँस उठ्छ, उसको अबोधपना देखेर । भन्छु, 'लाटी त्यही हो पाटन भनेको । दिनको दशचोटि ओहोरदोहोर गर्न सकिन्छ ।' केहीबेर ऊ फेरि घोरिन्छे र आँखामा एक प्रकारको आत्मविश्वास र ओठको कुनामा अलिकति लाज पोखेर सडकतिर संकेत गर्दै भन्छे, 'त्यहाँ पालो बस्न आउने सिपाहीले लैजान्छु भनेको छ ।' त्यसपछि ऊ स्पष्ट लजाएर घोप्टिन्छे । उसको स्वास्नीमान्छे हुनुको समग्रतालाई निमेषभरमा मूल्यांकन गरेर सोच्छु, 'यिनी तावाबाट उम्केर भुंग्रोमा खस्न गइरहेकी छे ।' म तर्सिन्छु र आवेशमा आएर भन्छु, 'लाटी त्यो छल हो, धोखा हो, प्रवचना हो, तिमी गतिलो भ्रममा फँसेकी रहिछौ ।' ऊ त जिल्लिएर सोध्छे, 'के भन्नु भा हो मैले बुझिनँ ?' म आफूलाई नियन्त्रण गर्दै भन्छु, 'त्यो सिपाहीले तिमीलाई लाग्दैन ।' 'खै लान्छु भन्छ ।' उसका त्रिकोण आँखाहरू आत्मविश्वासले रंगिइ पो सकेछन् । त्यो आत्मविश्वासलाई म अब कसरी आघात गरूँ ? सोच्न नपाउँदै ऊ 'आज हतार छ' भन्दै मलाई छोडेर गइदिन्छे । लाग्छ, उसको मसँग कुराकानी गर्ने रहर अब छैन । भोलिपल्ट ठीक त्यही समय खेततिर हेर्छु तर त्यहाँ आज त्यो आकृति छैन । सधैं देखिरहेको क्यानभासमा एउटा विशेष रङ मेटिए जस्तो लाग्छ । एकैछिनपछि सान्नानी खस्केको अनुहार लाएर मतिर आउँछे । सोच्छु, 'यसको पनि होला आफ्नै समस्या । अब मलाई पोख्दी हुन् ।' म मौन बसिरहन्छु, कुरा कोट्याउन डर लाग्छ किनकि सान्नानीको कुरा गर्ने शैलीले कस्तै धैर्यवानलाई पनि थकाउँछ । सान्नानी आफैं बोल्न थाल्छे । सारांश अति छोटो छ । गोठाल्नीले हिजै भनेर गई, 'अब उप्रान्त म यहाँ घाँस काट्न आउनेछैन, ऊ त्यो घरकी आइमाईले कता हो कता पाटनतिर ट्याक्सीमा हालेर भगाइदिन्छु भनी । मलाई डर लाग्यो, आजभोलि हामी जस्तालाई देशतिर बेच्छ भन्छन्, कसको के भर ।' सारांश सुनिसकेपछि मलाई आफू बसेको ठाउँबाट खस्कँदै खस्कँदै जाँदै छु कि जस्तो लाग्न थाल्छ । थुप्रै प्रश्नचिह्नहरू मेरो वरिपरि उभिएर सोध्न थाल्छन्, 'के म यति जाली, फटाही, विश्वासघाती देखिएँ ? मेरो दोषी भाषा तथा व्यवहारमा जब सदभावना, सफदयता जस्तो केही बाँकी रहेन ? के मैले बोल्न जानिनँ ? के भएको छ मलाई ? म कस्तो परिवेशमा बाँचिरहेकी छु ? के कोही मेरो परिवेशलाई मोसो पोतिरहेछ ? मलाई आँखा बिझाए जस्तो लाग्छ र पानीले आँखा यसरी बिझाउनु जीवनको यो मेरो पहिलो अनुभव हो ।

*-साहित्यपोस्ट डटकम*

निबन्ध ● नारायण मरासिनी

# अहिलेलाई यस्तै भयो कार्की सर !

> *कुनै कुनै समयमा बुद्धिविलासमा जम्न चाहने जीवलाल काफ्ले र टीकाराम वाग्लेहरु पनि भेटिन्छन् । प्रा.डा. जगन्नाथ रेग्मी, परशुराम कोइराला, कृष्णप्रसाद पौडेलजस्ता साहित्यिक क्षेत्रमा लागिपर्न चाहने साहित्यकारहरु पनि यहीँ नै भेटिएका हुन्छन् । यही २०८२ सालको माघमा प्रेसमा पुग्दा ज्ञानबहादुर कार्की सर कम्प्युटरमा एउटा लेखको शुद्धाशुद्धि हेर्दै हुनुहुन्थ्यो । प्रेसका प्रोप्राइटर गोविन्द रेग्मीजीले उहाँलाई सहयोग गर्नुभएको थियो ।*

ज्ञानबहादुर कार्की सर र म एउटै जिल्लावासी । कार्की सर स्याङ्जा, आँधीखोलाको नजिक पौवैगौंडेको र म ज्याग्दीखोलाको । अहिले पछिल्लो समय पनि हामी एउटै जिल्लावासीह अझ एउटै पालिकाकावासी । उहाँ पोखराको बिच भागतिर र म पुछारतिर । अचेल हाम्रो भेट हुन थालेको छ 'बन्धु अफसेट प्रेस', महेन्द्र पुलमा । उहाँ विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरुको सम्पादनका क्रममा त्यहाँ आइपुग्नुहुन्छ र म पनि 'ज्याग्दीखोलाको तरङ्ग' साहित्यिक त्रैमासिकको प्रकाशनका लागि बरोबर सोही प्रेसमा पुग्ने गरेको छु । एक किसिमले भन्ने हो भने बन्धु प्रेस स्याङ्जाली बौद्धिक जगत् तथा स्रष्टाद्रष्टाहरुका लागि भेटघाट गर्ने थलो बनेको छ । प्रेसका सञ्चालक गोविन्दप्रसाद रेग्मी सहयोगी स्वभावका भएकाले पनि हामीलाई उक्त प्रेसमा घन्टौंघन्टासम्म गफ गरेर बस्न सहज भएको छ । उक्त प्रेस पोखराको सेन्टरमा हुनाले पनि हामीलाई साथीहरुका बिच एकापसमा भेटघाट गर्न सजिलो भएको हो । यहाँ बसेर चिया पिउँदै कहिले म यतिहास विषयका प्रा.डा.द्वय दिलबहादुर क्षत्री र ज्ञानबहादुर कार्कीसँग गफिएको हुन्छु भने कहिले स्याङ्जाका विशिष्ट स्रष्टाद्वय विश्वप्रेम अधिकारी र देवेन्द्र लम्सालसँगको भलाकुसारीमा जमेको हुन्छु । यही प्रेसमा बेलाबखत साहित्यका पारखीहरु प्रा.डा. यमबहादुर पौडेल क्षेत्री र त्रिभुवन शर्मासँग पनि भेट हुन्छ । कुनै कुनै समयमा बुद्धिविलासमा जम्न चाहने जीवलाल काफ्ले र टीकाराम वाग्लेहरु पनि भेटिन्छन् । प्रा.डा. जगन्नाथ रेग्मी, परशुराम कोइराला, कृष्णप्रसाद पौडेलजस्ता साहित्यिक क्षेत्रमा लागिपर्न चाहने साहित्यकारहरु पनि यहीँ नै भेटिएका हुन्छन् । यही २०८२ सालको माघमा प्रेसमा पुग्दा ज्ञानबहादुर कार्की सर कम्प्युटरमा एउटा लेखको शुद्धाशुद्धि हेर्दै हुनुहुन्थ्यो । प्रेसका प्रोप्राइटर गोविन्द रेग्मीजीले उहाँलाई सहयोग गर्नुभएको थियो । मैले उहाँहरु दुवैको पछाडिपट्टि उभिएर कम्प्युटरको स्क्रिनमा देखिएको लेखमा आँखा डुलाएँ । त्यो ज्ञानबहादुर सरकै बारेमा कोही कसैले लेखेको लेख थियो । लेखक यही नै थियो भन्ने चाहिँ अहिले बिर्सें । अनि कार्की सरसँग जिज्ञासा राखें- 'कस्तो खालको लेख हो सर यो ? लेख त तपाईंकै बारेमा पो छ त !' कार्की सरले पुस्तकका साथै प्रकाशकका बारेमा पनि सङ्क्षेपमा जानकारी गराउनुभयो र मलाई पनि एउटा लेखका लागि अनुरोध गर्दै 'निवृत्त प्राध्यापक समाज', पोखराको प्रकाशन 'निवृत्त प्राध्यापक मञ्च: संक्षिप्त जीवनी- एक' दिनुभयो । यो उहाँको प्रधान सम्पादन र अन्य प्राध्यापकहरुको सहसम्पादन तथा सम्पादनमा प्रकाशित रहेछ । विषय सूची हेरेँ- प्राय: सबै चिनेजानेका प्राध्यापकहरुकै जीवनी रहेछ । अधिकांश पृथ्वीनारायण क्याम्पस, पोखरामै प्राध्यापन गरेर निवृत्त प्राध्यापकहरुका जीवनी रहेछन् । सर्सर्ती हेर्दा जीवनीहरु एक-दुई पृष्ठका अर्थात् संक्षिप्त आकारका रहेछन् । 'काजीले लेख लेख्न भनिहाले, नलेख्नु पनि कसरी ? लेख्नका लागि फुर्सद निकाल्न असाध्यै गाह्रो !' (यहाँ मैले ज्ञानबहादुर कार्कीलाई 'काजी' भनेँ । कारण के भने प्रा.डा. रविलाल अधिकारी गुरु जसले मलाई कक्षाकोठामा त पढाउनुभएन, उहाँ र ज्ञानबहादुर सर पृथ्वीनारायण क्याम्पस र कालिका क्याम्पसमा सँगै प्राध्यापन गर्नुहुन्थ्यो । रविलाल सरले ज्ञानबहादुर सरलाई 'काजी' भन्नुहुन्थ्यो ।) अँ त साँच्ची, काजीले कज्याएपछि नकजिएर भयो त अब ! कजिनै पर्‍यो । यद्यपि म इतिहासको विद्यार्थी होइन । कार्की सर इतिहासका बारेमा शोधखोज तथा अनुसन्धान गर्ने प्राध्यापक । उहाँका लेख-रचनाहरु पनि इतिहास र संस्कृतिसँग नै सम्बन्धित । उहाँका प्रकाशित कृतिहरु पनि तिनै विधासँग सम्बन्धित मात्रै । म इतिहास नपढेको मान्छे, अब ज्ञानबहादुर सरका इतिहाससम्बद्ध कृतिहरुको चर्चा वा विश्लेषण गर्ने क्षमता ममा हुने कुरा पनि भएन । बुढाका साहित्यिक पुस्तकहरु भएका भए त बरु तिनैको टेको लिएर केही गफगाफका टुक्राटाक्रीहरु जोड्न सजिलो हुन्थ्यो नि ! कार्कीजीका साहित्यिक किताबहरु पनि रहेनछन् । अब परेन फसाद ! अँ साँच्ची, कार्की सर ! तपाईं पढाउनका लागि पृथ्वीनारायण क्याम्पसमा छिर्दा मैले सोही क्याम्पसबाट आई.ए. सकेको थिएँ सायद् ! त्यति बेलाको मेरो केटौले उमेरमा त तपाईं र मेरा बिच त्यति राम्रो जानपहिचान भएन होला । तर जब हामी २०५० पछिका सालहरुमा 'स्याङ्जाली सम्पर्क सदन, पोखरा' मा जोडियौं त्यसपछि हाम्रो भेटघाट केही बाक्लिन थाल्यो । तपाईं साहित्यिक रुचि भएको मान्छेह तपाईंको सङ्गत र सहकार्य पनि पीताम्बर नेपाली, कुलप्रसाद खनाल, रविलाल अधिकारी, घनश्याम ढकालजस्ता साहित्यकारहरुसँग । तपाईं म संलग्न संस्था 'गण्डकी साहित्य सङ्गम', 'प्रगतिशील लेखक सै', 'ज्याग्दीखोला साहित्य प्रतिष्ठान' लगायतका संस्थाहरुद्वारा साहित्यिक कार्यक्रमहरुमा नियमितजसो भेटिने साहित्यिक शुभेच्छुक । साहित्यिक सैसंस्थाहरुलाई सहयोग गर्ने र साहित्यिक कृतिहरुको पठनमा रुचि रहेको व्यक्ति । विभिन्न पुस्तक तथा पत्रपत्रिकाको सम्पादनमा तपाईंको क्षमता अर्थात् कुशलतालाई मैले नजिकैबाट अनुभूत गरेको छु कार्की सर ! तपाईंले बिर्सनुभएको त छैन नि, हामी दुई भाइ मिली लगभग छ महिना लगाएर एउटा ग्रन्थ सम्पादन गरेको इतिहास । तपाईंले सम्झनुभएको छ कि छैन कुन्नि ! प्रेसबाट बिहानको खाना खान घरमा जाँदा ढिला हुन सक्छ भनेर हामीले नजिकै चिप्लेढुङ्गा स्थित थकालीको होटलमा गएर ढिँडो निलेका थियौँ अनि तुरुन्तै प्रेसमा फर्केर पुन: सम्पादनको कामलाई नै निरन्तरता दिएका थियौं । त्यो किताब आकारमा अलिक ठुलो पनि थियोह लगभग सात सय पृष्ठको । किताबको नाम थियो- 'पीताम्बर नेपाली: व्यक्ति एक, व्यक्तित्व अनेक' । तपाईं साहित्यिक कार्यक्रममा श्रोता बनेर कविता सुन्न खुब मन पराउनुहुन्छ है कार्की सर ! २०७५ सालतिर कविता सुन्नकै लागि हामीसँग पोखराबाट स्याङ्जाको सुदूर पूर्व हरिनासको जङ्गलमा आयोजित साहित्यिक महोत्सवमा पनि तपाईं पुग्नुभएकै हो । त्यति बेला नेपालका सातै प्रदेश र भारतको सिक्किमबाट समेत गरी लगभग डेढ सय जनाको उपस्थितिमा 'ज्याग्दीखोला साहित्य प्रतिष्ठान'ले उक्त जङ्गलमा दुई दिने बृहत् साहित्य सम्मेलन गरेको थियो । विभिन्न साहित्यिक कार्यक्रमहरुमा सहभागिता जनाउने र सम्पादन एवम् भाषिक शुद्धाशुद्धिमा लागिपर्ने कार्की सरका साहित्यिक सिर्जनाहरु केकस्ता होलान् ? कहाँ र कति प्रकाशित होलान् भनेर गम्दै थिएँह मानसपटमा प्रतिबिम्बित हुन पुग्यो एउटा संस्मरण । संस्मरण त कार्कीजी तपाईंले थुप्रै लेख्नुभएको छ । रविलाल अधिकारी, पीताम्बर नेपालीलगायत धेरै व्यक्तिहरुका सन्दर्भमा तपाईंले संस्मरण नै लेख्नुभएको छ । तर अहिले यति नै बेला मेरो मानसपटमा बिम्बित हुन पुगेको संस्मरण हो- 'पोखरामा पहिलो बास' शीर्षकको संस्मरण । 'लौ न कार्की सर ! हाम्रो पत्रिकाका लागि एउटा साहित्यिक वा इतिहास विषयक लेख तयार पार्नुस्' भनेर केही वर्षदेखि यताका धेरै भेटहरुमा कार्की सरलाई अनुरोध गर्दै आएको थिएँ । अनुसन्धानमूलक लेखहरु त उहाँबाट केही आएकै थिए तर एकपटक भने उहाँबाट आफ्नै किशोरकालीन संस्मरण आइपुग्यो । 'ज्याग्दीखोलाको तरङ्ग' साहित्यिक त्रैमासिकको वर्ष- ९, अङ्क- २, पूर्णाङ्क- ३३ (कार्तिक-पौष, २०८०) मा प्रकाशित संस्मरण हो कार्कीजीको 'पोखरामा पहिलो बास' । उक्त संस्मरण पढेर म मनमनै हाँसेको थिएँ । कृष्ति-बक्रेकतिरको बाटो कस्सिएरै पैदल हिँड्ने हो भने पनि कार्कीजीको घरबाट पोखरा तीन-चार घन्टाको बाटो हो । उहाँ तन्नेरी उमेरमा त्यही बाटो हुँदै पैदलै यात्रा गरेर धेरैपटक पोखरा पनि आइपुग्नुभएको छ । बेलामौका स्याङ्जा बजारको स्कुलबाट बाढ्खोलासम्म आउने परिचित-अपरिचित विद्यार्थी साथीहरुको समूहमा बसमा चढेर फ्रीमा आवतजावत गर्न पल्केका कार्कीजी र उहाँका केही साथीहरु बस भाडा नतिरीकन एक दिन अर्थात् २०३० सालको चैतमा 'नेपाल दर्शन बस सेवा' नामक बस चढ्ने क्रममा कन्डक्टरले यो एक्सप्रेस बस हो, बीचमा रोक्दैन, तपाईंहरु नचढ्नुस् है ! भन्दाभन्दै पनि स्याङ्जाबाट चढेछन् । पन्जाबी फेता गुतेका दारीवाल ड्राइवरले बाढखोलामा बस रोकेनछ । नागडाँडामा बसले ओराल्न खोज्दा कि हामीलाई बाढखोला नै लगिदे होइन भने फ्रीमै पोखरा पुर्‍याइदे भनेर कार्कीजीको समूहले हल्ला गर्न थालेछ । हुल्लडवाज केटाहरुका लागि भनेर पाँच-सात किलोमिटर पछाडि बस किन फर्काउँथे र ड्राइवरले । मोटर चढेर पोखराका लागि गरेको यो यात्रा कार्कीजीका लागि पहिलो थियो । म त बहकिएँ कि क्या हो कार्की सर ! तपाईंले लेख लेख्न लगाउनुभएको, मैले त गन्थन गरेर टारिदिएँ कि कुन्नि ! अब के गर्नु त खै ! अहिलेलाई यस्तै भयो । अलि फुर्सद भएको बेला पछि कुनै दिन अह्राउनुभयो भने तपाईंको कज्याइलाई शिरोपर गर्ने नै छु ।

*-समकालिन साहित्य डटकम*

# अवैध लागूऔषध सहित चार जना पक्राउ



**पाल्पा,** असार ३१/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसहित आठ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कैलाली, मकवानपुर, नवलपरासी पश्रुचिम, बर्दिया र तनहुँ बाट अवैध लागूऔषधसहित आठ जनालाई प्रहरीले पक्राउ गरेको हो । बर्दियाको बाँसगढी नगरपालिका-१ चेपाङ बजारबाट अवैध लागूऔषधसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ सय ७० मिलिग्राम सहित बढैयाताल गाउँपालिका-६ का २४ वर्षीय आशिष थारूलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी चेपाङबाट खटिएको प्रहरीले कोहलपुरबाट सुर्खेततर्फ जाँदै गरेको हायसमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै मकवानपुरको मनहरी गाउँपालिका-८ सिमपानीबाट अवैध लागूऔषध सहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । गाँजा जस्तो देखिने पदार्थ करिब १ सय ९ किलो ९६ ग्राम सहित धादिङ गजुरी नगरपालिका-७ किरानचोक बस्ने ४१ वर्षीय सुमन तामाङ समेत २ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले चितवनबाट हेटौंडातर्फ जाँदै गरेको बा.प्र.०१-०२६ च ४८९३ नम्बरको पिकअप गाडी जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी चालक सुमन समेत २ जनालाई पक्राउ गरिएको जनाएको छ । यस्तै कैलालीको टीकापुर नगरपालिका-९ खक्रौलाबाट अवैध लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम १ सय १० मिलिग्राम सहित सोही नगरपालिका-३ कटानपुर बस्ने २६ वर्षीय उमेश चौधरीलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै नवलपरासी पश्रुचिमको सरावल गाउँपालिका-३ कोठिल्लाबाट नियन्त्रित लागूऔषध डाइजेपाम २ सय एम्पुल, फेनारगन २ सय एम्पुल र बुप्रेनोर्फिन २ सय एम्पुल सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-४ बस्ने २० वर्षीय रमेश हरिजन र सोही गाउँपालिका-५ बडहरा बस्ने १९ वर्षीय राम प्रसाद हरिजन रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवा समेतबाट खटिएको प्रहरीले युपी ५७ ए एस ३२३५ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यस्तै तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनीटारबाट डाइजेपाम ६७ एम्पुल, फेनारगन ६७ एम्पुल र बुप्रेनोर्फिन ६७ एम्पुल सहित म्याग्दी बेनी नगरपालिका-४ रत्नेचौर बस्ने २५ वर्षीय सुजन थापालाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट मुग्लिङ पुलजिपबाट खटिएको प्रहरीले नारायणगढबाट पोखरातर्फ आउँदै गरेको ग.१५ प ५८०० नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यसैगरी सोही ठाउँबाटै अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब २ किलोग्राम सहित गोरखा गण्डकी गाउँपालिका-६ बस्ने ५९ वर्षीय देब बहादुर थापा मगरलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट मुग्लिङ पुलजिपबाट खटिएको प्रहरीले काठमाडौंबाट पोखरातर्फ जाँदै गरेको गण्डकी जि एए ००७१ नम्बरको बसमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो । सबै घटनाको विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## खेलकुद समाचार

### स्पेन विश्वकपको फाइनलमा



**काठमाडौं,** असार ३१/स्पेन फिफा विश्वकप फुटबलको फाइनलमा पुगेको छ । पहिलो सेमिफाइनल खेलमा उपाधिको दाबेदार टोली फ्रान्स २ गोलले पराजित भयो ।

अमेरिकाको डलास स्टेडियममा भएको खेलमा स्पेनका लागि पेड्रो पोरो र मिकेल ओयार्जाबलले एक/एक गोल गरे । स्पेनले २२औँ मिनेटमा पेनाल्टीमा गोल गरी अग्रता बनाएको थियो । फ्रान्सका लुकास डिनेको फाउलपछि प्राप्त पेनाल्टीलाई मिकेलले गोलमा परिणत गर्दै स्पेनलाई अग्रता दिलाएका थिए । स्पेनले दोस्रो हाफको ५८औं मिनेटमा अग्रता दोब्बर बनायो । उसका पेड्रोले डानी ओल्मोसँग उत्कृष्ट वान टु वान पास खेले र ओल्मोबाट फिर्ता आएको बललाई नियन्त्रणमा लिँदै उत्कृष्ट गोल गरे । त्यसपछि थप गोल हुन सकेन । सन् २०१० को उपाधि विजेता स्पेन १६ वर्षपछि विश्वकप फुटबलको फाइनलमा पुग्न सफल भयो । स्पेनले अब उपाधिका लागि अर्जेन्टिना र इंग्ल्यान्डबीचको विजेतासँग खेल्नेछ । दोस्रो सेमिफाइनलमा बुधबार मध्य राति पौने १ बजे इंग्ल्यान्ड र अर्जेन्टिनाले खेल्दैछन् । अर्जेन्टिना साबिक उपाधि विजेता टोली हो । यो विश्वकपको फाइनल खेल साउन ३ गते आइतबार राति पौने १ बजे हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# दोहोरो अंकले बढ्यो सेयर बजार



**पाल्पा,** असार ३१/सेयर बजार दोहोरो अंकले बढेको छ । अघिल्लो दिन ६ दशमलव ११ अंक बढेको सेयर बजार बधुबार १४ अंक बढेको हो । सो वृद्धिपछि नेप्से २ हजार ५ सय ९० अंकमा कायम भएको छ । यस दिन दिनभर बजार हरियोमै रह्यो । नेप्से वृद्धि भएपनि कारोबार रकम भने मंगलबारको तुलनामा घटेको छ । यसदिन ३ सय ६२ वटा स्क्रिप्सको ८४ लाख ७३ हजार १६ कित्ता सेयर ४ अर्ब १७ करोड ३ लाख ९८ हजार ४९ रुपैयाँमा खरिदबिक्री भए ।

मंगलबार ८ अर्ब ८१ करोड बराबरको सेयर खरिदबिक्री भएको थियो । सोमबार ७ अर्ब ४६ करोड मूल्य बराबरको कारोबार भएको थियो । सेयर बजार दोहोरो अंकले बढेपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । कारोबार रकमका आधारमा १० प्रतिशत हिमालयन बैंक डिवेन्चर २०८३ शीर्ष स्थानमा रहृयो । यसको ४४ करोड मूल्य बराबरको कारोबा भयो । कारोबारमा आएकामध्ये १ सय ९५ वटा स्टक्सको मूल्य बढ्दा ६० वटाको घट्यो । १९ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । इन्भेस्टमेन्ट समूहको उपसूचकबाहेक अरु समूहको उपसूचक सकारात्मक देखिए । यस दिन १९१ कम्पनीको मूल्य बढ्दा ६४ को घट्यो भने १९ को स्थिर रह्यो । अधिकांश समूहगत सूचक बढेका छन् । विकास बैंक सबैभन्दा धेरै १ दशमलव ३७ प्रतिशत बढ्यो । बैंकिङ ० दशमलव ७४, फाइनान्स ० दशमलव ५०, होटल तथा पर्यटन ० दशमलव ६१, जलविद्युत् ० दशमलव ४७, जीवन बीमा ० दशमलव ५४, उत्पादन तथा प्रशोधन ० दशमलव ५७, माइक्रोफाइनान्स ० दशमलव २७, निर्जीवन बीमा १ दशमलव ०३, अन्य ० दशमलव ३७ प्रतिशत तथा व्यापार ० दशमलव ६० प्रतिशत बढे । लगानी ० दशमलव ४६ प्रतिशत घट्यो । नारायणी डेभलपमेन्ट बैंकको मूल्य ८ दशमलव ४० तथा थ्रीस्टार हाइड्रोपावरको ६ दशमलव २१, सागर डिस्टिलरीको ६ दशमलव ०३, भुजुङ हाइड्रोपावरको ४ दशमलव ७२ प्रतिशत मूल्य बढ्यो । उपकार लघुवित्तको मूल्य ७ दशमलव ३२ प्रतिशत घट्यो । कर्पोरेट डेभलपमेन्टको ३ दशमलव ०६, तथा आत्मनिर्भर लघुवित्तको ३ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा सिद्धार्थ बैंक, आँखुखोला जलविद्युत्, कर्पोरेट डेभलपमेन्ट बैंक, रिलायन्स स्पिनिङ मिल्स र एनआरएन इन्फ्रास्ट्रक्चर छन् ।

# सन्धिखर्कको इतिहास अब...

...त्यसपछि भएको युद्धमा अर्घाली सेनापछि हट्न बाध्य भएको र अन्ततः दुवै पक्षले युद्धको कुनै अर्थ नरहेको निष्कर्ष निकाल्दै सन्धि गरेको इतिहासमा उल्लेख छ । सन्धिखर्कको नाम शान्ति र सन्धिसँग जोडिएको विश्वास छ । यकिन गर्न निर्माण गरिएको सो स्मृतिस्थल आन्तरिक पर्यटक, विद्यार्थी, अनुसन्धानकर्ता तथा इतिहासप्रेमीकाका लागि आकर्षणको केन्द्र बन्ने अपेक्षा गरिएको छ । लुम्बिनी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयको आर्थिक सहयोग तथा सन्धिखर्क नगरपालिकाको समन्वयमा स्मृति स्तम्भ निर्माण गरिएको हो । उक्त स्मारक जिल्लाको ऐतिहासिक पहिचान संरक्षण गर्नुका साथै नयाँ पुस्तालाई आफ्नै इतिहासप्रति गर्व गर्ने वातावरण सिर्जना गरेको सन्धिखर्क-१ का वडाध्यक्ष माधव श्रेष्ठले बताए । इतिहासअनुसार अर्घा राज्यका अन्तिम राजा वीरकुमार शाह र खाँची राज्यका अन्तिम राजा दुर्गा शाह थिए । पृथ्वीनारायण शाहकी जेठी मुमा चन्द्रप्रभावती खाँची राज्यकी राजकुमारी रहेको इतिहासमा उल्लेख छ । राज्य सञ्चालनको अनुभव, कूटनीतिक सोच र नेपाल एकीकरणका लागि प्रेरणा दिने व्यक्तित्वका रूपमा चन्द्रप्रभावतीको महत्वपूर्ण भूमिका रहेको इतिहासकार बताउँछन् । चन्द्रप्रभावतीको नामबाट सन्धिखर्क-७ मा चन्द्रप्रभा माध्यमिक विद्यालय स्थापना गरिएको छ, जसले स्थानीय इतिहासलाई थप जीवन्त बनाएको बताइन्छ । स्थानीय बुद्धिजीवी पुस्तकका पानामा इतिहास सीमित हुँदा नयाँ पुस्ताले त्यसको गहिराइ सहज रूपमा बुझ्न सक्दैनन् । त्यसैले स्मारक र ऐतिहासिक संरचनाले इतिहासलाई प्रत्यक्ष अनुभूति गराउने भएकाले यसको महत्व अझ बढेको बताउन्छन् । विद्यालय तथा कलेजका विद्यार्थीले अर्घाखाची भ्रमण गर्दै सन्धिखर्कको उत्पत्ति, अर्घा-खाँची राज्यको इतिहास र जिल्लाको पहिचानबारे प्रत्यक्ष जानकारी लिन सक्ने वातावरण बनेको भूमिकास्थान नगरपालिका-८ का वडाध्यक्ष राजकुमार श्रेष्ठले बताए । पर्यटन प्रवर्द्धनका दृष्टिले स्मारक महत्वपूर्ण उपलब्धि मानिएको छ । धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाले भरिपूर्ण अर्घाखाँचीमा सुपादेउराली, पाणिनी तपोभूमि, अर्घा र खाँचीदरबार, अर्घा भगवती मन्दिर लगायतका गन्तव्यसँगै शान्ति बगैंचामा रहेको उक्त स्मृति स्तम्भ नयाँ पर्यटकीय आकर्षणका रूपमा थपिएको छ । सन्धिखर्क केवल बजारको नाम होइन । युद्धबाट शान्तितर्फको यात्राको प्रतीक हो । सोही सन्देशलाई भावी पुस्तामा पुऱ्याउने उद्देश्यले शान्ति बगैंचामा स्थापना गरिएको अर्घा र खाँचीका दुई राजाको सालिकले अर्घाखाँचीको इतिहासलाई सदैव जीवन्त राख्ने विश्वास गरिएको छ । *-रासस*

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई